जसले इस्लाम स्विकारे पछि राम्रो काम गर्यो, उ जाहिलियाको समयमा गरेका कामहरूप्रति जवाफदेह हुने छैन र जसले इस्लाम स्विकारे पछि खराब कर्म गर्यो, उसलाई अघिल्ला र पछिल्ला सबै कृकर्मको सजाय दिइनेछ।

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, एकजना मानिसले सोधे: हे अल्लाहका रसूल! के हामीले जाहिलिया (इस्लाम पूर्व) को समयमा गरेका पाप-कर्महरूप्रति जवाफदेह हुनेछौं? उहाँले भन्नुभयो: " जसले इस्लाम स्विकारे पछि राम्रो काम गर्यो, उ जाहिलियाको समयमा गरेका कामहरूप्रति जवाफदेह हुने छैन र जसले इस्लाम स्विकारे पछि खराब कर्म गर्यो, उसलाई अघिल्ला र पछिल्ला सबै कृकर्मको सजाय दिइनेछ।"
[सही] [मुत्तफकुन अलैहि]

यस हदीसमा सन्देशवाहक (उहाँ माथि अल्लाहको कृपा र शान्ति होस्) ले इस्लाम स्वीकार गर्नुको महत्त्वलाई स्पष्ट गर्दै हुनुहुन्छ । जसले इस्लामलाई स्वीकार गर्यो र एक असल, इमानदार र सत्यवादी मुसलमान भयो भने; उ जाहिलियाको समयमा गरेका पापहरूप्रति जवाफदेह हुनेछैन। जो व्यक्तिले इस्लाम स्वीकार गरिसकेपछि पनि मुनाफिक (आडम्बरी,कपटी ) वा मुर्तद (धर्मत्यागी) भएर इस्लाममा गलत काम गर्दछ; उ कुफ्र (इस्लाम पूर्व) र पछिको अवस्थामा गरेका सबै कर्महरूप्रति जवाफदेह हुनेछ।

http://www.sunnah.global/hadeeth/ne/show/65002